नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
# राजविराज दैनिक
स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० अंक १९३ २०७७ साल फागुन १९ गते बुधबार (3 Mar. 2021 Wednesday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- फरार अभियुक्तले सार्वजनिक संस्थाबाट पाउने सेवा सुविधा लिन नपाउने र निजको अधिकार कटौती हुने,
- आफ्नो नाममा जारी भएको म्याद नबुझ्ने वारिस वा कानून व्यवसायीलाई अदालतमा प्रतिनिधित्व गर्न नदिने,
- सरकारवादी मुद्दाका साक्षीलाई सरकारले दैनिक भ्रमण भत्ताको सुविधा र आवश्यकता अनुसार सुरक्षा प्रदान गर्ने,
- नबुझी नहुने साक्षी उपस्थित नभएमा जरिबाना तथा पक्राउ गर्न सकिने,
- पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : राजश्व छली नियन्त्रण : ... ३ पृष्ठमा : पत्रकार महासङ्घलाई साझा ... ३ पृष्ठमा : चीनमा २५० नयाँ ...

# सरकारले वार्ता गर्न टोली गठन गरे लगत्तै विप्लव समूहद्वारा पनि टोली गठन

**दैनिक समाचारदाता राजविराज, १८ फागुन ।**
प्रतिबन्धित नेकपा 'विप्लव' समूहले सरकारसँग वार्ता गर्नका लागि नेता खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड'को नेतृत्वमा वार्ता टोली गठन गरेको छ ।

सरकारले वार्ता समिति गठन गरेपछि विप्लव समूहले पनि प्रकाण्डको नेतृत्वमा वार्ता समिति गठन गरेको हो ।

यसअघि सरकारले गृहमन्त्री राम बहादुर थापा बादलको नेतृत्वमा प्रधानमन्त्रीको परराष्ट्र सल्लाहकार राजन भट्टराई सदस्य रहेको वार्ता समिति गठन गरिसकेको छ ।

सरकारी स्तरबाट समेत पछिल्लो समय वार्ताका लागि पहल भएपछि विप्लव समूहले सहज वातावरणमा राजनीतिक गर्ने परिस्थिति बनाइए वार्ता गर्न तयार रहेको बताएको थियो ।

विप्लव समूहको वार्ता समितिमा को-को सदस्य छन् भन्ने बताइएको छैन ।

# लागुऔषधसहित एक यूवक पक्राउ



**दैनिक समाचारदाता राजविराज, १८ फागुन ।**
सप्तरी प्रहरीले प्रतिबन्धीत लागु औषधसहित एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरीको सप्तकोशी नगरपालिका वडा नं. ७ बनिगाउ बस्ने २३ वर्षिय सरोज यादव छन् ।

सीमावर्ती भारतीय बजारबाट फर्कदै गरेका यादवलाई जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १४ स्थित मल्हनिया चौक नजिकै शंका लागि चेकजाँच गर्ने क्रममा निजको साथबाट लिजेसिस २६ थान, डाइजेल्याब ९ थान, डाइजेपाम ८ थान, फेनारग्रन २७ गरि ८० थान लागु औषध बरामद गरेको प्रहरीले जनाएको छ ।

सोमबार साँझ पक्राउ परेका यादवलाई मंगलबार सप्तरी जिल्ला अदालतमा उपस्थित गराई १० दिनको म्याद थप गराउँदै आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# पेट्रोल, डिजेल र मट्टितेलमा दुई रुपैयाँ बढ्यो

**दैनिक समाचारदाता राजविराज, १८ फागुन ।**
पेट्रोलियम पदार्थमा पुनः मूल्यवृद्धि भएको छ । नेपाल आयल निगमले पेट्रोल, डिजेल मट्टितेलको मूल्य प्रतिलिटर २/२ रुपैयाँ बढाएको हो ।

निगमले सोमबार राति १२ बजेदेखि लागू हुनेगरी पेट्रोल, डिजेल, मट्टितेल र हवाई इन्धनको मूल्य बढाएको छ ।

आन्तरिक उडानमा खपत हुने हवाई इन्धनको मूल्य प्रतिलिटर ५ रुपैयाँ तथा अन्तराष्ट्रिय उडानमा प्रयोग हुने हवाई इन्धनको मूल्य भने प्रति किलोलिटर २५ अमेरिकी डलर वृद्धि गरिएको छ ।

नयाँ मूल्यसूची अनुसार प्रतिलिटर पेट्रोलको मूल्य १ सय १६ रुपैयाँ, डिजेल तथा मट्टितेलको ९९ रुपैयाँ, आन्तरिक हवाई इन्धनको मूल्य ७२ रुपैयाँ र बाह्य हवाई इन्धनको मूल्य प्रतिकिलोलिटर ८ सय ९३ अमेरिकी डलर कायम भएको छ । ग्यासको मूल्य भने १ हजार ४ सय रुपैयाँमा यथावत राखिएको छ ।

# पेट्रोलियम अपचलन गर्ने एक हजार ट्याङ्करमाथि कारवाही

काठमाडौँ, १८ फागुन (रासस) ।
नेपाल आयल निगमले पेट्रोलियम पदार्थको अपचलन गरेको पाइएपछि झण्डै एक हजार बढी ढुवानीकर्तालाई कारवाही गरेको छ । निगमसँगको करार सम्झौतामा सञ्चालनमा रहेका ट्रक तथा ट्याङ्करले लकिङ तथा फिटिङमा कैफियत गरेको पाइएपछि पछिल्लो तीन महिनामा उनीहरूलाई कारवाही गरिएको हो ।

निगमको १ नं प्रादेशिक कार्यालय विराटनगरले तोकिएको मापदण्डभन्दा बढी क्षति गर्ने ५३ ट्रक तथा ट्याङ्करलाई कारवाही गरेको छ । लकिङ तथा फिटिङ चेक गर्दा गलत ढङ्गले पाइपलाइन ट्याङ्कीमा जडान गरिएको पाइएपछि उक्त ट्रकलाई प्रहरी हिरासतमा राखी कारवाही अगाडि बढाइएको १ नं प्रादेशिक कार्यालयले जनाएको छ । ट्याङ्कीको ताला काटिएको अवस्थामा फेला परेका ती ट्याङ्करलाई तीन महिनाका लागि पेट्रोलियम पदार्थको आपूर्तिमा रोक लगाइएको छ ।

यस्तै पछिल्लो तीन महिनामा २ नं प्रादेशिक कार्यालयले पनि १५० वटा ट्रक तथा ट्याङ्करलाई कारवाही गरेको जनाएको छ । कार्यालयका अनुसार उनीहरूलाई १५ दिनसम्मका लागि ढुवानीमा निलम्बन गरिएको छ । निगमकै

***बाँकी तीन पृष्ठमा***

# भाइलाई भेट्न गएका दाईको जुत्ताबाट चरेस बरामद





**दैनिक समाचारदाता बिरगन्ज, १८ फागुन ।**
विरगन्ज कारागारमा थुनुवा भेटन आएका एक जनालाई लागूऔषध चरेससहित पक्राउ गरिएको छ ।

पक्राउ पर्नेमा सिन्धुपाल्चोक भोटेकोशी गाउँपालिका १ का २२ वर्षीय मिङमा शेर्पा छन् ।

लागूऔषध मुद्दामा पुर्पक्षको लागि थुनामा रहेका आफ्ना भाइ २० वर्षीय लाक्पा शेर्पा भेट्न गएका मिङमा पक्राउ परेका हुन ।

कारागार ड्युटीमा खटिएको प्रहरी टोलीले कैदीबन्दी भेटघाटका लागि आएका व्यक्तिहरुलाई चेकजाँच गर्ने क्रममा मिङमा पक्राउ परेका हुन् ।

मिङमाले प्लास्टिकको झोलाभित्र राखेर भाइको लागि भनेर ल्याएको स्पोर्ट्स जुत्ताको तलुवाभित्र करिब १० ग्राम चरेस बरामद भएको पर्साका प्रहरी नायव उपरीक्षक ओमप्रकास खनालले जानकारी दिए । पक्राउ परेका शेर्पालाई लागूऔषध मुद्दामा थप अनुसन्धान भइरहेको छ ।



# एक सय फर्मलाई ३० लाख जरिवाना

वीरगञ्ज, १८ फागुन (रासस)।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगञ्जले बढी मूल्य राखेर सामान बिक्री गर्ने, अरुको ब्राण्ड चोरी गर्ने, पसलमा मूल्य सूची नराख्ने, खरीद बिल नदेखाउने, इजाजत नलिई पसल सञ्चालन गर्ने तथा अनुगमन कार्यमा सहयोग नगरेको भन्दै १०५ वटा व्यापारिक फर्मलाई कार्वाही गरी रु ३० लाख २३ हजार जरिवाना गरेको छ।

सो कार्यालयले चालू आर्थिक वर्षको फागुन १७ गतेसम्ममा २०५ व्यापारिक फर्ममा अनुगमन गरी त्यसमध्ये १०५ लाई कारवाही गरी रु ३० लाख २३ हजार जरिवाना गरेको छ। एसआर रेडिमेड उद्योगलाई सबैभन्दा बढी रु ३ लाख जरिवाना गरिएको छ। उक्त उद्योगले बहुराष्ट्रिय कम्पनीको लोगो आफ्नो उत्पादनमा लगाउने गरेको पाइएकोले उक्त उद्योगलाई हदैसम्मको जरिवाना गरिएको हो।

यसैगरी वीरगञ्जकै जय अम्बे ट्रेड एण्ड जेनेरल अर्डर सप्लायर्सलाई रु दुई लाख ५१ हजार, गगन ट्रेडिग हाउसलाई रु दुई लाख जरिवाना गरिएको छ।

हेटौंडा उपमहानगरपालिका-३ स्थित घर संसार पसललाई रु तीन लाख जरिवाना गरिएको छ। ती व्यापारिक फर्महरुले बढी मूल्य लिएर उपभोक्ता ठग्दै आइरहेकाले उपभोक्ता संरक्षण ऐन २०७५ को दफा ३८ बमोजिमको कसुरमा सोही ऐनको दफा ३९ बमोजिम तत्काल जरिवाना गरिएको निमित्त कार्यालय प्रमुख जीतबहादुर भण्डारीले राससलाई बताउनुभयो।

उक्त कार्यालयले सो अवधिमा सप्तरीमा ११, धनुषामा २०, महोत्तरीमा ६, सर्लाहीमा ३, रौतहटमा १७, बारामा ३, पर्सामा ७६, मकवानपुरमा १५ र चितवनमा २७ गरी जम्मा २०५ फर्मको अनुगमन गरी त्यसमध्ये १०५ फर्मलाई जरिवाना गरेको छ।

नेपालभर रहेको वाणिज्य कार्यालयमध्ये सबै भन्दा बढी राजश्व वीरगञ्ज कार्यालयले सङ्कलन गरेको दाबी गर्दै सो कार्यालयका सूचना अधिकारी दिलीपखंग खत्वेले राससलाई भन्नुभयो, "जरिवाना गरिएका फर्मले सो मितिवाट ७ दिनभित्र कार्यालयमा उपस्थित भई जरिवाना बुझाउनुपर्ने कानूनी प्रावधान रहेको छ।"

# राजश्व छली नियन्त्रण : रु ४७ अर्बको आर्थिक अपराध, एक हजारविरुद्ध मुद्दा

काठमाडौं, १८ फागुन (रासस)।

समृद्धिको यात्रामा अघि बढेको मुलुकमा पछिल्लो दुई वर्षमा आर्थिक अपराधका ठूलाठूला घटनाको पर्दाफास भएको छ।

राजश्व छलीमा संलग्न रहेको कसुरमा प्रतिष्ठित व्यक्तिदेखि बहुराष्ट्रिय कम्पनीसमेत कानुनी दायरामा आएका छन्। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय मातहत आएपछि राजश्व अनुसन्धान विभागले कर छलीको कसुरमा ४७ अर्ब बिगो बराबरको आर्थिक अपराध गरेको आरोपमा विभिन्न व्यक्ति र कम्पनीविरुद्ध मुद्दा चलाएको छ।

विभागका महानिर्देशक दीर्घराज मैनाली भन्नुहुन्छ, "उच्च आर्थिक कारोबार हुने जोखिम क्षेत्र पहिचान गरेर अनुसन्धान गर्दा ठूलो आर्थिक अपराध गरेको फेला पारेका छौं, कतिपय मुद्दाको चरणमा छन् त कतिपयै अनुसन्धान कै घेरामा छन्।"

अर्थमन्त्रालय मातहतमा रहेको विभाग विसं २०७४ फागुन १३ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमातहत आएको थियो। विभागले पूर्ण रुपमा काम थालेको भने २०७५ साउनबाट हो। उहाँ बहुराष्ट्रिय कम्पनीलेसमेत राजश्व छली गरेको पाइएकाले आर्थिक अपराध विरुद्ध उपलब्धि काम भएको मान्नुपर्ने बताउनुहुन्छ। कैफियत गर्ने कुनै न कुनै दिन अनुसन्धानको दायरामा आउने मैनालीको विश्वास छ। विभागले बाटोमा भेटिएको अपरिचितको नागरिकता प्रयोग गरी नक्कली कम्पनी खडा गर्ने, सरकारी कागजात र नक्कली बिल बिजक छाप्नेजस्ता गम्भीर प्रकृतिका आर्थिक अपराधविरुद्ध कारवाही गरिरहेको छ।

मूल्य अभिवृद्धि कर (भ्याट) बिल/प्यान बिल, नक्कली बिजक बिक्री र खरीद गर्ने, नक्कली कारोवार गर्ने, अर्केको नागरिकता प्रयोग गरी कम्पनी खडा गरेर कीर्ते गर्ने, वैदेशिक रोजगारीमा कर छली गर्ने, हुण्डीमार्फत अवैधरूपमा अन्तरदेशीय कारोवार गर्ने, विदेशी मुद्रा अपचलन गर्ने गिरोह पनि मुद्दा खेपिरहेका छन्।

झुट्ठा तथा नक्कली बिजक प्रयोग सर्लाहीको बलरा नगरपालिका- ७ का सुवोध शाहसहित १० र मतियार भनिएका अन्य तीन गरी १३ व्यक्तिविरुद्ध गएको माघमा झण्डै एक अर्बको राजश्व छली कसुरमा मुद्दा चलाएको छ। विभागले गरेको अनुसन्धानमा उनीहरुले विभिन्न ११ वटा फर्मको बैंक खाता सञ्चान गरी राजश्व छली गरेका फेला पारेको थियो। उनीहरुले वस्तु तथा सेवा खरीद नै नगरी झुट्ठा तथा नक्कली मूल्य अभिवृद्धि करको बिजक मात्र किनेका थिए। त्यसबाट मूल्य अभिवृद्धि कर र आयकर छली गरेका विभागको आरोप छ।

अघिल्लो वर्ष नेपालमा पेप्सी उत्पादन गर्ने प्रतिष्ठित कम्पनी बरुण बेभरेजले नक्कली बिलको कारोवार गर्नेसँग मिलेमतो गरेको भनेर राजश्व अनुसन्धान विभागमा विशेष सूचना आयो। विभागले गरेको लामो अनुसन्धानले प्राप्त सूचना सही भएको ठहर गर्दै अघिल्लो वर्षको पुसमा अदालतमा उक्त कसुरमा वेभरेजविरुद्ध मुद्दा चलाएको छ। विभागले दायर गरेको अभियोगपत्रमा बरुणले रु ६४ करोड ९६ लाख कर छली गरेकाले बिगो असुल गरी त्यसको दोब्बर जरिवाना र तीन वर्षको कैदको मागदाबी गरेको छ। हिसाब गर्दा झण्डै रु दुई अर्ब हुन आउँछ। उक्त मुद्दामा सञ्चालक अमित गुप्तासहित सात जना प्रतिवादी छन्।

विराटनगर महानगरपालिका-९ स्थित बाबा फ्लोर मिल र गोपाल फ्लोर मिलका मुख्य कारोबारी सुरेशकुमार राठीसहित तीन जनको मिलेमतोमा रु १५ करोड ३६ लाख राजश्व छली गरेको आरोपमा यही फागुन १६ गते उच्च अदालत पाटनमा मुद्दा चलाइएको छ। उनीहरुले आम्दानीभन्दा घटी बिक्री देखाइ मूल्य अभिवृद्धिकर, लाभांश कर तथा आयकरसमेत छलेको पाइएको छ। मजदूरलाई प्रलोभनमा पारी २४ फम खडा गरेर झुटा तथा नक्कली बिजक बिक्री गरी राजश्व छली गरेको आरोपमा जयकिशोर साह र परमेश्वर साहमाथि पनि रु एक अर्ब ७५ करोड बिगो कायम गरी अघिल्लो पुस १९ मै मुद्दा दर्ता गरिएको थियो।

आर्थिक अपराध कसुरका यी त प्रतिनिधि घटना हुन्। पछिल्लो दुवै वर्षको अवधिमा विभागले विदेशी विनिमय अपचलनबाहेक आर्थिक अपराधका २२१ मुद्दा दर्ता गरेको छ। जसमा ११ सरकारी कर्मचारीसहित ७७९ जना विरुद्ध मुद्दा छ। उनीहरुमाथि रु ३६ अर्ब ३५ करोड ३५ लाख बिगो बराबरको आर्थिक अपराध गरेको आरोप छ। जसमा झुटा तथा नक्कली बिजक जारी गरी राजश्व छली गर्ने १२६ फर्मलाई रु १० अर्ब ६२ करोडको बिगो कायम गरी मुद्दा चलाइएको छ।

यस्तै नक्कली बिजक खरीद गर्ने ५२ फर्मसमेत परेका छन्। ती फम विरुद्ध चार अर्ब ६१ करोडको आर्थिक अपराध गरेको आरोप छ। सूचनालाई भरपर्दो बनाइ बिल बिजकलाई प्रभावकारी बनाउन सफ्टवेर विकास गरेर काम अगाडि बढाएकाले पनि विभागलाई सफलता मिलेको हो। विभागको सक्रियताले राजश्व चुहावट नियन्त्र र स्वेच्छिक कर सहभागिता अभिवृद्धिमा भएको मैनाली दावी गर्नुहुन्छ।

**विदेशी विनिमय अपचलनमा ४४० विरुद्ध मुद्दा**

विभागका अनुसार विदेशी विनिमय अपचलन गर्ने समेत धमाधम कारावाहीको दायरामा आएका छन्। हालसम्म ४४० जनालाई प्रतिवादी बनाइ मुद्दा चलाइएको र उनीहरुले रु १० अर्ब ७२ करोड ६९ लाख बिगो बराबरको आर्थिक अपराध गरेको विभागको आरोप छ।

उनीहरुमाथि बिगोको तेब्बर जरिवाना र तीन वर्षके कैद सजाय माग गरी अदालतमा मुद्दा चलाइएको छ। यसबाट राजश्व परिचालन र विप्रेषण आयमा सकारात्मक प्रभाव परेको विभागको भनाइ छ। अहिले विभागले सूचना प्रणालीलाई व्यवस्थित गर्दै सामान ओसारपसारमासमेत उक्त प्रणालीमा प्रविष्ट गराएर मात्रै ढुवानं गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ। जसले भन्सार छलेर आयात निर्यात भएका चीन वस्तुको निगरानी गर्न समेत सहज भएको छ।

# मन्त्रिपरिषद्का निर्णय : मल आपूर्ति तथा वितरक संस्था तोकियो

काठमाडौं, १८ फागुन (रासस)।

नेपाल सरकारले साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडलाई मल आपूर्ति तथा वितरक संस्थाको रूपमा तोक्ने निर्णय गरेको छ।

मन्त्रिपरिषद्का निर्णयहरु सार्वजनिक गर्न सोमबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङले उक्त जानकारी दिनुभएको हो।

बैठकले नेपाल न्याय सेवा, न्याय समूहका एक र कानून समूहका दुई राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई प्रथम श्रेणीको सहसचिव वा सो सरहको पदमा बढुवा नियुक्ति तथा पदस्थापना गर्ने निर्णय गरेको छ।

मन्त्रिपरिषद्को यही फागुन ११ गते बैठकले राष्ट्रिय जनगणना २०७८ को प्रशासनिक व्यवस्थापन तथा आर्थिक सुविधासम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७७ स्वीकृत गर्ने निर्णय गरेको उहाँले जानकारी दिनुभयो।

बैठकले अरुण-३ जलविद्युत् परियोजनाको परियोजना विकास सम्झौता संशोधन गर्ने, नेपाल विद्युत् प्राधिकरण, गर्ज्याङ्ग-खिम्ती १३२ के.भी. प्रशारण लाइनको राइट अफ वे को दायाँ बायाँ नौ/नौ मिटर र मल्टिसर्किट टावरदेखि न्यू खिम्ती सवस्टेशनसम्म प्रशारण लाइनको केन्द्र रेखाबाट दायाँ बायाँ १५/१५ मिटर भित्र पर्ने निजी जग्गालगायतका अन्य संरचनाको क्षतिपूर्ति निर्धारण गर्न सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई अध्यक्ष र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका इलेक्ट्रिकल इन्जिनीयर नारायण श्रेष्ठलाई सदस्य तोक्ने निर्णय गरेको छ।

बैठकले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ को मस्यौदा स्वीकृति गर्ने निर्णय गरेको सरकारका प्रवक्ता गुरुङले जानकारी दिनुभयो। फेवातालको चार किल्ला निर्धारण, सिमाङ्कन तथा नक्साङ्कन समितिको सिफारिस बमोजिम फेवातालको क्षेत्रफल ५.७२६ वर्ग किलोमिटर (११ हजार २५५ रोपनी ११ आना १ पैसा) कायम गरी चार किल्ला र सिमाना स्वीकृत गर्ने निर्णय गरेको छ।

भारतस्थित राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय/महाविद्यालय/प्रशिक्षण संस्थासम्बन्धी संरचनाको अध्ययन भ्रमणमा सहभागी हुन राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समितिका अध्यक्ष नेपाली सेनाका पूर्वरथी बालानन्द शर्मा तथा सदस्यद्वय प्राडा युवराज सङ्ग्रौला र प्राडा शम्भुराम सिंखडालाई स्वीकृति दिने निर्णय गरेको छ।

मन्त्रिपरिषद्ले लुम्बिनी बौद्ध विश्वविद्यालयलाई विश्वविद्यालयको एकेडेमिक भवन एवं अनुसन्धान केन्द्रको निर्माणका लागि रुपन्देही जिल्लाको देवदह नगरपालिका-८ स्थित जम्मा ६१.२५ हेक्टर राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने र तहाँ रहेका १५५३ रुख हटाउन स्वीकृति दिने निर्णय गरेको छ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको प्रबन्ध सञ्चालकमा दुर्गा भगवती गाउँपालिका-३, रौतहट निवासी अनिलकुमार झालाई नियुक्त गर्न सञ्चालक समितिलाई निर्देशन दिने निर्णय गरेको मन्त्री गुरुङले जानकारी दिनुभयो।

बैठकले प्रतिनिधिसभाको अधिवेशन यही फागुन २३ गते आह्वान गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय पनि गरेको थियो। केही सञ्चार माध्यममा पहिला नै समाचार आए पनि सरकारले सोमबार औपचारिक रुपमा प्रतिनिधिसभाको अधिवेशन बोलाउने विषयमा निर्णय गरेको जानकारी दिनुभयो।

राष्ट्रपति विद्यादेवी भण्डारीले मन्त्रिपरिषद्को निर्णयसँगै सोमबारै नेपालको संविधानअनुसार यही फागुन २३ गते ४:०० बजे प्रतिनिधिसभाको अधिवेशन आह्वान गरिसक्नुभएको छ।

मन्त्रिपरिषद्को यही फागुन १४ गते बसेको बैठकले नेपाल न्याय सेवा, सरकारी वकिल समूह, राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृत कृष्णप्रसाद पुडासैनीसमेतका पाँच अधिकृतको राजपत्राङ्कित प्रथम श्रेणीको सहन्यायाधिवक्ताको पदमा बढुवा नियुक्ति तथा पदस्थापन गर्ने निर्णय गरेको छ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गर्नौ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

# पत्रकार महासङ्घलाई साझा सङ्गठन बनाउन १३ सङ्घसङ्गठनको आग्रह

काठमाडौँ, १८ फागुन (रासस)।

विभिन्न १३ वटा पत्रकार सङ्घसङ्गठनले आसन्न निर्वाचनमा नेपाल पत्रकार महासङ्घलाई साझा सङ्गठन बनाउन आग्रह गरेका छन्।

सोमबार १३ वटै सङ्घसङ्गठनले विज्ञप्ति निकाल्दै महासङ्घलाई साझा बनाउन बनाउन सबै सङ्घसङ्गठनको अनिवार्य सम्मानित प्रतिनिधित्व हुने गरी सवै सङ्गठनलाई प्रतिबद्धताका लागि आह्वान गर्ने निर्णय गरेका छन्।

विज्ञप्तिमा महासङ्घको आसन्न निर्वाचबाट सङ्घ, प्रदेश र जिल्लामा विचार आस्थासहित उत्पीडित क्षेत्र, लैंगिक जाति र भाषागत रुपमा पूर्ण समावेशिताको सुनिश्चितता गर्न दबाबसहितको राष्ट्रिय अभियान चलाउने जनाइएको छ।

विज्ञप्तिमा महासङ्घलाई श्रमजीवी पत्रकार र स्वरोजगारकर्मीको अभिभावक संस्थाको रुपमा स्थापित गर्न पहल गर्ने, साना तथा स्वरोजगार मिडिया र न्यू मिडियाको सरक्षण र प्रवर्द्धनमा निर्णायक भूमिका खेल्ने, श्रमजीवी पत्रकारको पेशागत, भौतिक, सामाजिक एव अर्थ सुरक्षाका लागि महासङ्घको जारी आन्दोलनलाई अझ उन्नतस्तरमा उठाउन सबै तह र निकायलाई परिचालन गर्ने, मुद्दामा सहमत सवै सङ्घसङ्गठनसँग दीर्घकालीन सहकार्य गर्दै दबाबमुलुक अभियान चलाउने निर्णय गरेको छ।

यस्तै पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूति, अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितता, नागरिकका राजनीतिक, सामाजिक, सांस्कृतिक अधिकारको सुनिश्चिता, मिडियामैत्री कानून निर्माण र श्रमजीवीमैत्री ऐन बनाउन एवं सञ्चार क्षेत्रलाई पारदर्शी, आत्मनिर्भर र विश्वसनीय बनाउन पहल गर्ने भएको छ।

विज्ञप्ति जारी गर्नेमा राष्ट्रिय दलित पत्रकार मञ्चका अध्यक्ष विनोद पहाडी, क्रान्तिकारी पत्रकार सङ्गठन नेपालका महासचिव बाबुराम भुसाल, प्रेस सेन्टर नेपालका सचिव भीमबहादुर विक, जागरण मिडिया सेन्टरका अध्यक्ष रेमवहादुर विक, लोकतान्त्रिक छापामाध्यम राष्ट्रिय समाजका अध्यक्ष दामोदरप्रसाद दवाडी, मिडिया नेपालका अध्यक्ष गोपाल पौडेल लगायतका सङ्घसङ्गठन रहेका छन्।

## पेट्रोलियम ...

इतिहासमा यो सबैभन्दा ठूलो कारवाही भएको बताइएको छ।

कार्यालयले पाँच चालक/सहचालकलाई कालोबजारी मुद्दा दायर गरी आजीवन निगमको कुनै पनि डिपोमा प्रवेश गर्न नपाउने गरी निषेध गरेको छ। अनुगमनको क्रममा मिसावट र चोरी गरेको भेटिएपछि पाँच ट्याङ्करलाई छ महिनाको लागि ढुवानी गर्न निलम्बन गरिएको छ। निगमले पछिल्लो तीन महिनामा अनियमितता गर्ने ३०० ट्याङ्कर तथा ट्रकलाई कारवाही गरेको छ। निगमले जरिवानाबापत ती ट्रक तथा ट्याङ्करबाट १० हजार सङ्कलन गरेको छ।

महाप्रबन्धक सुरेन्द्रकुमार पौडेलले निगम सुधारको रणनीति योजनाअन्तर्गत रहेर कालोबजारीमाथि कारवाहीको प्रक्रिया अगाडि बढाइएको बताउनुभयो। "निगमको कदमले गैरकानूनी काम गर्ने निरुत्साहित हुनेछन्, यो निगमकै इतिहासमा एक महत्वपूर्ण कारवाही हो", उहाँले भन्नुभयो। अनियमित गर्ने ट्याङ्करमाथि कारवाही गरेसँगै पेट्रोलियम पदार्थको चोरी र मिसावट नियन्त्रणमा आउने निगमले जनाएको छ।

# माटोको ढिस्कोले पुरेर एकको मृत्यु, दुई घाईते

**दैनिक समाचारदाता**
**मोरङ, १८ फागुन।**

मोरङको सुनवर्षी नगरपालिका ४ गान्धी आश्रम बस्दै आएकी २० बर्षीया बन्सुगिया यादवको माटोको ढिस्कोले पुरेर मृत्यु भएको छ। दुई जना घाइते भएका छन्।

मंगलबार दिउसो साढे १ बजे सुनवर्षी १ काला बन्जार स्थित डाँस खोलाको बगरमा माटो खन्ने क्रममा बन्सुगिया यादवको माटोको ढिस्कोले पुरेर घटनास्थलमानै मृत्यु भएको हो।

यता उनीसँगै गएका सोही स्थान बस्ने ९ बर्षीया मनिका यादव र ५५ बर्षीया झोलीया यादव समेत घाईते भई रंगेली अस्पतालमा उपचार भईरहेको ईलाका प्रहरी कार्यालय रंगेली मोरङले जनाएको छ।

# मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**

# विश्व समाचार

## चीनमा २५० नयाँ अर्बपति थपिए

बेइजिङ, १८ फागुन (रासस/एएफपी)।

शेयर बजारमा उछाल आएसँगै चीनमा गत वर्ष सन् २०२० मा २०० भन्दा बढी नयाँ अर्बपति थपिएका छन्। विश्वका धनाढ्यका बारेमा अध्ययन गर्ने हुरुन ग्लोबल रिच लिस्टले मङ्गलबार सार्वजनिक गरेको सूचीमा चीनमा विगत पाँच वर्षको अवधिमा अर्बपतिको संख्या दोब्बरले बढेको उल्लेख छ। विश्वमै दोस्रो ठूलो अर्थतन्त्र रहेको चीनले पछिल्ला केही वर्षदेखि विकासमा तिब्र रुपमा फड्को मारेको छ।

विश्वका अधिकांश मुलुकमा कोरोनाभाइरस महामारीले अर्थतन्त्रमा गम्भीर असर पारे पनि चीनले कोरोनाभाइरसलाई समयमै नाटकीयरुपमा नियन्त्रण गरेपछि सन् २०२० मा पनि राम्रो प्रगति गरेको छ। हुरुनका अनुसार सन् २०२० मा २५९ जना अर्ब डलरको सूचीमा प्रवेश गरेका छन्। चीनमा यो सहित कूल अर्बपतिको संख्या एक हजार ५८ पुगेको छ। विश्वमै अर्बपतिको एक हजारको संख्या पार गर्ने चीन पहिलो मुलुक पनि भएको छ।

तुलनात्मकरुपमा, दोस्रो राम्रो प्रगति गर्ने मुलुक अमेरिकामा ७० जना नयाँ अर्बपतिको उदय भएको छ। यो सहित अमेरिकामा कूल अर्बपतिको संख्या ६९६ पुगेको छ।

चीनमा पानीको व्यापार गर्ने नोङ्फुका संस्थापक झोङ शानशानको सम्पत्ति ८५ अर्ब डलर पुगेको छ। विगतमा निर्माण कार्यमा संलग्न झोङले गत वर्ष हङकङमा प्राथमिक शेयर (आइपिओ) जारी गरेर ११ अर्ब डलर नगद सङ्कलन गर्न सक्षम हुनुभएको थियो।

एकै वर्ष तीन व्यक्तिले ५० अर्ब डलरभन्दा बढी सम्पत्ति जुटाएका छन्। सर्भेका अनुसार टेस्लाका एलन मस्क, अमेजनका जेफ बेजोस र पिन्डुओडुका कोलिन हुआङको सम्पत्ति ५० अर्ब डलरले बढेको छ।

समग्रमा, चीनले विश्वमै सम्पत्ति सिर्जना गर्नेतर्फ अग्रस्थान बनाइरहेको छ। हुरुनका अनुसार विगत पाँच वर्षको अवधिमा चीनले ४९० जना नयाँ अर्बपति जन्माएको छ भने अमेरिकाले १६० जना थपेको छ।

हुरुन प्रतिवेदनका अध्यक्ष रुपर्ट हूगवर्फले कोरोनाभाइरसको महामारी भएपनि गत वर्ष एक दशकयता केही व्यक्तिले सबैभन्दा बढी आम्दानी गर्न सफल भएको बताउनुभयो। यसको मुख्य कारण शेयर बजारमा नयाँ कम्पनीको सूचीकरण र शेयर बजारमा आएको उछाल मुख्यरुपमा जिम्मेवार छ।

उहाँले भन्नुभयो, सम्भवत:विगत १०० वर्षमा एसियाले बाँकी विश्वको भन्दा बढी अर्बपति सिर्जना गरेको छ। सबैभन्दा बढी अर्बपति पनि अहिले चिनियाँ शहरमा रहेको सर्भेले देखाएको छ। अर्बपति रहेबसेका विश्वका उत्कृष्ट १० शहरमध्ये छ वटा शहर चीनमै छन्। विगत छ वर्षदेखि लगातार बेइजिङ पहिलो स्थानमा छ।

## अपहरणमा परेका नाइजेरियाका २७९ छात्रा रिहा

गुसौ, नाइजेरिया, १८ फागुन (रासस/एएफपी)।

अपहरणमा परेका नाइजेरियाका छात्रा मुक्त भएका छन्। देशको उत्तरी क्षेत्रमा रहेको निजी विद्यालयबाट अपहरणमा परेका सबै २७९ जना रिहा भएका हुन्। अपहरणमा परेका सबै जना छात्रा रहेको जनाइएको छ।

उनीहरुलाई सरकारी संरक्षणमा राखिएको सरकारी अधिकारीले मङ्गलबार एएफपीलाई जानकारी दिएका छन्। "अपहरणमा परेका बालिका मुक्त भएको थाहा पाउँदा अन्त्यन्त खुशी लागेको छ," जाम्फारा राज्यका गभर्नर डा बेलो मतावाले भन्नुभयो।

उहाँले बालिका सकुशल फर्किनुमा अल्लाहको आर्शिवाद रहेको पनि बताउनुभयो। नाइजेरियामा बालिका अपहरणका घटना लामो समयदेखि हुँदै आएका छन्।

अधिकारीले यसअघि सयौंको संख्यामा आएका बन्धुकधारीले दुर्गम जान्गेबे गाउँमा रहेको एक माध्यमिक विद्यालयबाट ३१७ जना बालिका अपहरण गरेको बताएका थिए। तर पछि यो संख्या २७९ रहेको जानकारी दिइएको थियो।

भारी मात्रामा हातहतियार सहितका आपराधिक समूहले उत्तरपश्चिम र मध्यनाइजेरियामा हालैका वर्षमा निकै उपद्रो मच्चाइरहेका छन्। उनीहरुले मानिसलाई फिरौतीका लागि अपहरण गर्ने, बलात्कार गर्ने तथा लुटपाट गर्ने गरेका छन्।

नाइजेरियाको सेनाले यस क्षेत्रमा सन् २०१६ देखि कारबाही गरिरहेको छ र सन् २०१९ मा बन्दुकधारीसँग शान्ति सम्झौता पनि गरिएको थियो तर आक्रमणका घटना रोकिएका छैनन्।

गत डिसेम्बरमा कन्काराको एक विद्यालयबाट ३०० भन्दा बढी बालक अपहरण गरिएको थियो। यो क्षेत्र राष्ट्रपति मुहम्मदु बुहारीको गृहराज्य काट्सिनामै रहेको छ। तर पछि ती बालकलाई अपहरणकारीले मुक्त गरेका थिए।

चिबोकबाट जिहादी समूहले गरेको २७६ जना स्कुले बालिकाको अपहरण भने निकै डरलाग्दो थियो। सरकारी फौजको व्यापक कारबाहीपछि केहीलाई जिहादी समूहले मुक्त गरेपनि अझै पनि केही बालबालिका बेपत्ता छन्।

लेगोसस्थित अनुसन्धान संस्था एसबी मार्गनका अनुसार सन् २०१६ को जनवरीदेखि मार्च २०२० को अवधिमा मात्र अपहरणकारीलाई एक करोड १० लाख डलर फिरौती बुझाइएको छ। इन्टरनेसनल क्राइसिस ग्रुपको अर्को अध्ययन अनुसार विद्यालयमा सुरक्षा खतरा रहेको भन्दै यस अफ्रिकी क्षेत्रमै विद्यालय नजाने बालबालिकाको संख्या विश्वमै सबैभन्दा बढी छ।

# वडा नं. १ को बिजयी सुरुवात



**दैनिक समाचारदाता**
**राजविराज, १८ फागुन ।**

राजबिराज प्रिमियर लिगको उद्घाटन खेलमा राजबिराज वडा नम्वर १ ले बिजय सुरूवात गरेको छ ।

मंगलवार राजबिराजको पबि माबि खेल मैदानमा राजबिराज नगरपालिका वडा ५ को सहयोग तथा लायन्स क्लवको आयोजनामा टि ट्वान्टी क्रिकेट प्रतियोगिता भएको रोमान्चक खेलमा सुरूंगालाई दोस्रो सुपर ओभरमा राजबिराज १ पराजित गर्दै बिजय सुरूवात गरेको हो ।

पहिलो सुपर ओभरमा सुरूंगा नगरपालिका ले बनाएको ११ रन को जवाफमा राजबिराज १ ले पनि ११ रन बनाएपछि खेल पुनह दोस्रो सुपर ओभरमा परिणत भएको थियो ।

दोस्रो सुपर ओभरमा राजबिराज वडा १ ले १३ रनको योगफल खडा गरेपछि सुरूगां नपा ले १० रन मात्र बनाएपछि राजबिराज वडा नम्वर १ ले सुरूगांलाई ३ रनले बिजय हात पारेको हो ।

सो प्रतियोगितामा टस जितेर राजबिराजले ब्याटिँग गर्दै निर्धारित १५ ओभरको खेलमा ७ बिकेट गुमाएर ९९ रनको लक्ष्य खडा गरेका थिए ।

जसमा टिमका लागी चन्द्रप्रकाश ले अभिजित ६६ रन बनाएका थिए । यस्तै बलिंगतर्फ सुरूगांका प्रशन्त साह २ बिकेट, मो. सकिम २ बिकेट लिएका थिए ।

जवाफमा सुरुङा नगरपालिका ले पनि १५ ओभरमा ७ बिकेट गुमाएर ९९ रन बनाएपछि खेल बराबरी भएपछि सुपर ओभरमा खेल परिणत भएको आयोजक समितिका पवन दासले बताए ।

जसमा सुरूगां नगरपालिका तर्फ वाट अशन जमाल ३३, प्रशन्त साह ३२ रन को योगदान गरेका थिए । यता बलिंग तर्फ राजबिराज १ का जितेन्द्र मण्डल ३ संतोष सिँह २ बिकेट लिएका थिए ।

यसअघि राजबिराज नगरपालिका नगरप्रमुख शम्भु प्रसाद यादव, उपप्रमुख साधना झाले ब्याटिँग र बलिंग गर्दै साथै खेल मैदानमा केक काटेर खेलको उद्घाटन गरेका थिए ।

राजबिराज नगरपालिका वडा ५ का वडा अध्यक्ष समीर झाको अध्यक्षतामा आयोजित उदघाटन कार्यक्रममा राजबिराज वडा १ का अध्यक्ष चन्द्रशेखर चौधरी, वडा ११ का अध्यक्ष संजय यादव, सप्तरी क्रिकेट सँघका अध्यक्ष आयुष श्रेष्ठ, सचिव चन्दनकुमार यादव, कोषाध्यक्ष तुलानाथ माझी, सदस्य डम्वर नारायण दास, (शंभु) लायन्स क्रिकेट क्लव सचिव तिर्थ नारायण दास, अम्पायर निरज सिँह, पुर्व प्रशिक्षक राजकुमार दास, लगायतको उपस्थिति रहेको थियो भने कार्यक्रमको संचालन पवन दासले गरेका थिए ।


## शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धि सुचना

**प्रथम पटक प्रकाशित मिति :२०७७/११/१९ गते**

सेभ द सप्तरी बालबालिकाहरुको जीबनमा दीर्घकालीन रुपमा सकारात्मक परिवर्तन गर्न बिगत ७ बर्षदेखी सेभ द चिल्ड्रेनसँगको साझेदारमा सम्मुनती (स्पोन्सरसीप) कार्यक्रम संचालन गर्दै आएको एउटा मुनाफारहित राष्ट्रिय गैर सरकारी संस्था हो । यस सेभ द सप्तरीले यस बर्ष सन् २०२१ मा सप्तरी जिल्ला भित्र गरिने कार्यक्रमका लागी मसलन्द सामाग्रीहरु खरिद गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित शर्तहरु भित्र रहने गरी ईच्छुक इजाजतपत्र प्राप्त आपुर्तीकर्ता तथा मसलन्द सामाग्रीहरुको पसलहरुबाट रितपूर्वकको शिलबन्दी दरखास्त आह्वानको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

- शिलबन्दि दरखास्त पेश गर्ने आपुर्ती कर्तासंग मसलन्द सामाग्री आपुर्ती गर्ने कार्य अनुभव भएको हुनु पर्नेछ ।
- शिलबन्दी दरखास्त पेश गर्ने आपुर्ती कर्ता नेपाल सरकारको आयकरको नियमानुसार मुल्य अभिबृद्धि कर (भ्याट) मा दर्ता लगायत कम्पनी दर्ता नियमावली सम्बन्धि दर्ता भई पुर्ण रुपमा अद्यावधिक भएको हुनुपर्नेछ ।
- अन्तराष्ट्रिय गैर सरकारी तथा राष्ट्रिय गैर सरकारी र सरकारी कार्यालय लगायत अन्य संघ संस्थाहरुमा सेवा प्रदान गर्दै आईरहेकोलाई बिशेष ग्राहयता दिइनेछ ।
- शिलबन्दी दरखास्त पेश गर्ने समयाबधि मिति २०७७।११।१९ देखी २०७७।१२।०५ सम्म बिहान १० बजे देखी ५ बजे सम्म रहने छ र सो समयाबधि पछि प्राप्त शिलबन्दी दरखास्त स्वत: बद्दर ठहरिने छ ।
- यस शिलबन्दी बोल पत्र सम्बन्धि सम्पुर्ण निर्णय संस्थाको खरिद समितिमा निहित रहने छ र बोलपत्रको स्वीकारोक्ती आंशिक पनि संस्थाले गर्न सकिनेछ ।
- यस शिलबन्दी बोल पत्र सम्बन्धि बिस्तृत बिबरण कार्यालय समयभित्र संस्थाको सम्बन्धित शाखामा सम्पर्क राख्न सकिने छ । मसलन्द सम्बन्धि सामाग्रीहरुको Quotation फारम संस्थामा निशुल्क उपलब्ध गरिएको छ ।
- शिलबन्दी बोलपत्र खोलिने मिति २०७७।१२।०९ गते सेभ द सप्तरीको बैठक कक्ष ।

**कार्यालयको ठेगाना**
सेभ द सप्तरी
राजबिराज -७, सप्तरी
फोन न.०३१ ५२०९४२
Email: savethesaptari14@gmail.com



## राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस् ।

**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस ।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस् ।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ ।
- कोरोना भाइरससबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit · City Express Money Transfer · Best Remit Quick & Easy · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money a CHAUDHARY GROUP initiative



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*